फोन न. ०१४२००३०४

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

स्थानीय तह समन्वय शाखा

सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०७६/७७

चलानीनं.: १८

मिति :२०७७/०४/०५

विषय: कोरियामा नेपाली श्रमिकहरु पठाउने विधि सम्बन्धमा ।

श्री स्थानीय तह (सबै ) ।

प्रस्तुत विषयमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं.वै.रो.०७७/७८-५ मिति २०७७/०४/०२ को प्राप्त पत्र यसैसाथ संलग्न छ । विस्तृत व्यहोरा पत्रबाट अवगत गरी कोरियामा नेपाली श्रमिकहरु पठाउने विधि सम्बन्धमा सम्बन्धित पक्षलाई आवश्यक जानकारी गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः

श्री श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार ।

श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## वैदेशिक रोजगार व्यवस्थापन शाखा

सिंहदरबार
काठमाडौं,नेपाल

च.न.:- वै. रो. ०७७/७८- ५

मिति: २०७७।०४।०२

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

विषय: कोरियामा नेपाली श्रमिकहरु पठाउने विधि सम्बन्धमा ।

वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ अनुसार मात्र नेपाली नागरिकलाई वैदेशिक रोजगारमा पठाउन सकिने भएता पनि केही स्थानीय तहहरुले गणतन्त्र कोरिया सरकारका विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसँग सोझै सम्पर्क तथा समझदारी गरी नेपाली नागरिकहरुलाई रोजगारीमा पठाउने गरेको बुझिन आएकोले वैदेशिक रोजगारको लागि नेपाली नागरिकहरु देहाय बमोजिमको विधि अनुसार मात्र कोरियामा जान सक्ने व्यवस्था रहेको व्यहोरा सबै स्थानीय तहहरुलाई जानकारी गराइदिनुहुन निर्णयानुसार अनुरोध छ ।

देहाय:

१) नेपाल सरकार र गणतन्त्र कोरिया सरकारबीच सम्पन्न भएको श्रम समझदारी अनुसार Employment Permit System (EPS) मार्फत कोरियामा नेपाली श्रमिकहरु पठाउन सक्ने व्यवस्था रहेको छ ।

२) कोरियन सरकारबाट जारी 'E-7 Visa' (Individual Recruitment) का आधारमा वैदेशिक रोजगार विभागबाट 'व्यक्तिगत श्रम स्वीकृत' लिई वैदेशिक रोजगारको लागि कोरियामा जान सक्ने व्यवस्था छ ।

(गिरिप्रसाद आचार्य)
शाखा अधिकृत

बोधार्थ:

श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।